"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालवन्दी नगर"
लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल
फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

मिति : २०८१/११/०५

# उद्योग/ व्यवसाय दर्ता तथा नविकरण स्थलगत अभियान सम्बन्धी सूचना।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९, नगरपालिकाको वित्तिय अधिकारक्षेत्र तर्फ दफा ५८ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने भनी स्पष्ट उल्लेख गरीएको छ। लालबन्दी नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा सञ्चालन ऐन, २०८१ को दफा ३ मा नगर क्षेत्रमा कुनै पनि उद्योग, व्यवसाय नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न नहुने कानूनी व्यवस्था रहेको तथा सोही ऐनेको दफा ८ मा तत्कालीन कानूनी व्यवस्था अनुसार दर्ता भएका तर नवीकरण नगरेका उद्यमी, व्यवसायीले प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गर्नु पर्ने उल्लेख गरिएको छ।

यस नगरपालिका क्षेत्रमा रहेका अधिकांश उद्योग, व्यवसाय यस नगरपालिकामा दर्ता नगरी तथा साविकमा दर्ता गरेको व्यवसाय समेत नविकरण नगरी सञ्चालन गरिरहेको पाईएको र उक्त प्रकृतिका कार्य कानूनी प्रावधान विपरीत हुने भएकोले यस नगर क्षेत्रका विभिन्न वडाका उद्योगी/व्यवासयीहरुको सचेतना तथा सुविधाका लागि तपसिलमा उल्लेखित मिति र स्थानबाट व्यवसाय दर्ता अभियान कार्यक्रम सञ्चालन गर्न लागिएको हुदाँ आफ्नो व्यवसाय स्थलबाटै व्यवसाय दर्ता/ नविकरण गरी लाभ लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। व्यवसाय दर्ता तथा नविकरणका लागि निम्न कागजातहरु तयारी अवस्थामा राख्नु हुन जानकारी गराईन्छ।

तपसिल :

मिति : २०८१/१२/०६, स्थान : लालबन्दी न.पा. वडा नं. १५ र १६ परवानिपुर
उक्त मिति पश्चात क्रमैसँग अन्य वडाहरुमा समेत सञ्चालन हुनेछ ।

क. नयाँ उद्योग/ व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु

१. व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी/ भाडामा लिएको भए वहाल सम्झौताको प्रतिलिपी
३. सर्जमिन मुचुल्का सहितको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
४. व्यवसायीको पासपोर्ट साईजको फोटो २ प्रति

ख. नविकरणका लागि आवश्यक कागजातहरु

१. व्यवसाय दर्ताको सक्कलैं प्रमाणपत्र
२. राजश्व तिरेको नदी रसिद

२०८१/११/०५

.......................
राश्व शाखा प्रमुख